नगर कार्यपालिकाको
बैठक संख्या २६/२०७९-०८४
मिति ०८०।३।१५ ........ को
निर्णय प्रमाणित

बैठक संख्याः २६/२०७९-०८४

मिति २०८० साल असार १५ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगरकार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

साथै मिति २०८० असार ८ गते बसेको नगर सभाको तेह्रौं अधिवेशनको पहिलो र दोस्रो बैठकमा भएका गतिविधि एवं निर्णयहरु एवं बैठक संचालनका सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

वर्षायाम शुरु भएसँगै यस नगरपालिका क्षेत्रमा आउन सक्ने बाढी पहिरो एवं डुवानजन्य विपद सम्बन्धी घटना बाट सतर्कता अपनाउन एवं विपद भएमा सो को राहत एवं बिपद व्यवस्थापन गर्नको लागि प्रति वडा बढिमा रु.५०,०००।- का दरले जम्मा रु. ७,५०,०००।– मात्र नगर स्तरीय विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी विनियोजन गर्ने ।

निर्णय नं. ३

चालु आर्थिक वर्षको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति समीक्षा गरियो । हालसम्मका योजनाहरुको प्रगति विवरणका सम्बन्धमा देहाय बमोजिमका योजनाहरुको निम्नानुसार गर्ने निर्णय गरियोः

क) आ.ब. २०७८/०७९ अन्तर्गतका ठेक्का नं. BANKE/KOMUN/W/NCB-03/078/079 र BANKE/KOMUN/W/NCB-04/2078/079, के.आर. कन्स्ट्रक्सन, कोहलपुर १०, बाँकेले मिति २०७८/०८/१४ मा योजना शुरु भई मिति २०७९/०३/२५ मा कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले विविध कारण देखाई निर्माण सम्पन्न गर्न नसकेको भनी म्याद थपको निवेदन पेश गरेको भएतापनि यस नगर कार्यपालिकाको म्याद सम्बन्धमा विभिन्न मितिमा जुनसुकै निर्णय भएतापनि उक्त निर्माण व्यवसायीको म्याद २०८० जेठ मसान्तसम्म थप गर्ने । तत् पश्चात नियमानुसार कारबाही प्रक्रिया गर्ने ।

ख) आ.ब. २०७८/०७९ अन्तर्गतको ठेक्का नं. BANKE/KOMUN/W/NCB-07/2078/079, शोभा लक्ष्मी कन्स्ट्रक्सन कोहलपुर, बाँकेले मिति २०७८/११/०९

२०८०/३/२९

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २६/२०८०...
मिति २०८०/३/२५ ........ को
निर्णय प्रमाणित

मा सम्झौता गरी योजना शुरु भई मिति २०७९/०९/३० मा कार्य सम्पन्न गर्ने गरी एक पटक म्याद थप भएकोमा पुन २०८० जेठ मसान्तसम्म म्याद थप गर्ने। सो अवधिसम्म निर्माण कार्य सम्पन्न नभए नियमानुसार कारबाही प्रक्रिया अघि बढाउने ।

ग) ठेक्का नं. BANKE/KOMUN/W/NCB-01/2078/079 को दिवा/ एति विल्डर्स ललितपुरले मिति २०७८/०८/२१ गते सम्झौता गरी योजना शुरु भई मिति २०७९/०९/३० मा कार्यसम्पन्न गर्ने गरी एकपटक म्याद थप भएकोमा हाल निर्माण व्यवसायीले कार्य सम्पन्न गरेकाले २०८० साल जेठ मसान्त सम्म म्याद थप गरी सो अवधी पश्चातको नियमानुसार हर्जाना/ जरिवाना रकम लिई भुक्तानी दिने ।

घ) ठेक्का नं. BANKE/KOMUN/W/NCB-20/2076/077 को एसोसिएट/ जय भवानी कन्स्ट्रक्सन कोहलपुर, बाँकेले मिति २०७६/१०/२९ गते सम्झौता भई मिति २०७९/१२/३० गते सम्पन्न गर्ने गरी म्याद थप भएकोमा हाल निर्माण व्यवसायीले कार्य सम्पन्न गरेकाले २०८० साल जेठ मसान्तसम्म म्याद थप गरी सो अवधि पश्चातको नियमानुसार जरिवाना/ हर्जाना रकम लिई भुक्तानी दिने । सो योजना सञ्चालनको क्रममा विभिन्न मितिमा आवश्यकता भई पेश भए बमोजिमको भेरियसन आदेश(Variation Order) स्वीकृत गरी निर्माण व्यवसायीले अन्तिम बिल पेश गरेकोमा प्राबिधिक बिल एवं अनुगमन समितिको निर्णय बमोजिम पेश भए बमोजिम भुक्तानी दिने।

ङ) ठेक्का नं. BANKE/KOMUN/W/NCB-13/2077/078 को मिति २०७७/१२/२७ गते प्रविभ निर्माण सेवा कोहलपुर १२ सँग सम्झौता भई २०७८/०९/३० सम्म म्याद भएकोमा हाल निर्माण व्यवसायीले कार्य सम्पन्न गरेकाले २०८० जेठ मसान्तसम्म म्याद थप गरी सो अवधि पश्चातको नियमानुसार जरिवाना/ हर्जाना रकम लिई भुक्तानी दिने ।

च) आ.ब. २०७९/०८० का ठेक्का मार्फत सञ्चालन भएका सम्पूर्ण योजनाहरु म्याद भित्र सम्पन्न नभएकाको हकमा सम्पूर्ण योजनाहरुको २०८० साल श्रावण मसान्तसम्म म्याद थप गर्ने ।

छ) एकतानगर झोलुङ्गे वारीपारी रहेको खाली जग्गामा पार्क निर्माण कोहलपुर ११ बाँके योजनाको उक्त क्षेत्रमा छलफल गरी प्रथम चरणमा Gabion Works Protection Wall लगाउने भनी सम्झौता भएकोमा हाल उक्त योजना कार्य सम्पन्न भएकाले

२०८०/३/२८
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २६/२०७९-०८०
मिति २०८०/३/१५ को
निर्णय प्रमाणित

प्राबिधिक मूल्याङ्कन एवं योजना तथा अनुगमन समितिको निर्णय बमोजिम भुक्तानी दिने ।

ज) आ.ब. २०७९/०८० को विभिन्न वडामा ह्युमपाइप जडान गर्ने कार्य ठेक्का नं. BANKE/KOMUN/W/NCB-16/2078/079 कुल रु.२७,२१,६०५।- मा सम्झौता भई कार्य भएकोमा थप ह्युमपाईप आवश्यकता भई साइटमा निर्माण गर्नुपर्ने भएकाले भेरियसन गरी प्रक्रिया अगाडी बढाउने र भेरियसन बमोजिम थप (१८.७५%) सम्झौता रकममा बृद्धि भई रु.३२,३१,८००।– भई पेश भए बमोजिम स्वीकृत गर्ने ।

निर्णय नं. ४

क. यस नगरपालिकामा विगत वर्षहरुदेखि नै कार्यरत भई ६/६ महिना म्याद थप गर्दै आएका अस्थायी, करार एवं ज्यालादारी तर्फका कर्मचारीहरुको म्याद यही २०८० असार मसान्तमा समाप्त हुने भएकोले निजहरुको म्याद थपका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 'करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८' बमोजिम कार्यसम्पादन मूल्याङ्कन फाराम २०८० असार १३ सम्म पेश गर्न सूचना गरिएकोमा सो को मूल्याङ्कन गरी मापदण्ड बमोजिम अंक प्राप्त हुने कर्मचारीहरुको २०८० पुष मसान्तसम्म म्याद थप गर्ने। मापदण्ड बमोजिम अंक प्राप्त नहुने कर्मचारीको म्याद थप नगर्ने ।

ख. यस नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनको बैठकबाट पारित दरबन्दी तेरिज एवं संगठन संरचना बमोजिम नगर प्रहरी तथा विपद शाखामा नगर प्रहरी प्रमुख सातौं एक जनाको दरबन्दी रहेको र यस नगरपालिकामा चालु आर्थिक वर्षमा प्रहरी भर्ना छनौट गर्दा नगर प्रहरी निरीक्षक भनी तह उल्लेख नगरी भर्ना गरिएको हुँदा हाल कार्यरत नगर प्रहरी निरीक्षक बीर बहादुर थापालाई निजको करार म्याद थप हुने अवस्था भएमा २०८० श्रावणदेखि लागु हुने गरी सातौं तह कायम गरी करार म्याद थप गर्ने ।

ग. यस नगरपालिकामा बिगतदेखि सामाजिक परिचालक र मेलमिलाप संयोजक पदमा कार्यरत कर्मचारीहरुको म्याद थप भएमा सो पदहरुमा कार्यरत कर्मचारीहरुलाई २०८० श्रावण देखि सहायक तेस्रो तह (साविकको मुखिया) सरह कायम गरी सोही तहको कर्मचारीलाई प्राप्त हुने तलब सुविधा उपलब्ध गराउने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ८३।२०८१।०७४
मिति २०८०।३।१४ को
निर्णय प्रमाणित

घ. यस नगरपालिकामा चौबिसै घण्टा आवश्यक परेमा दमकल सेवा सञ्चालन हुने गरी नगरपालिकामा कार्यरत भारी सवारी चालक यमराज गुरुङलाई चौबिसै घण्टा खटिनुपर्ने गरी तोकी निजलाई खाना खाजा खर्च उपलब्ध गराउँदै आएकाले आर्थिक वर्ष २०८०/८१ बाट लागु हुने गरी निजलाई नगर प्रहरी नियमावली बमोजिम प्रहरी जवानलाई उपलब्ध भए सरह खाना खर्च सुबिधा नगदै उपलब्ध गराउने गरी नगरपालिकाको प्रशासकीय खर्च गर्ने नियमावली २०७९ संशोधन गर्ने । निजलाई सो बाहेक थप अतिरिक्त खर्च उपलब्ध नगराउने।

ङ. नगरपालिकामा विभिन्न सरकारी एवं गैर सरकारी कार्यक्रम, आयोजना तर्फ कार्य गर्न सोही परियोजनाबाट वा नगरपालिकासँगको साझेदारीमा आंशिक तलब भत्ता भुक्तानी हुने गरी नियुक्त कर्मचारीहरुको हकमा सम्बन्धित निकायबाट म्याद थप गर्न मिल्ने भनी आएमा आ.ब. २०८०/०८१ का लागि बजेट सुनिश्चितता भएको खण्डमा करार निरन्तरता हुने गरी म्याद थप गर्ने ।

च. नगरपालिकाको पटके काममा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको हकमा आवश्यकताका आधारमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुने गरी कामदार/कर्मचारीको म्याद थप गर्ने ।

निर्णय नं. ५

क. नगर शिक्षा समितिको २०८० असार १२ गतेको बैठकका निर्णयहरु कार्यपालिकाले गरेको निर्णय सरह मानी अनुमोदन गरी कार्यान्वयन गर्ने गराउने ।

ख. यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा अभाव रहेको न्यून शिक्षक दरबन्दीका कारण पठनपाठनमा देखिएको समस्या तत्कालका लागी समाधान गरी शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले "शिक्षण सिकाइ सहजकर्ता परिचालन कार्यबिधी, २०८०" बैठकमा टेबुल भई छलफल भयो । उक्त कार्यबिधीमा आजको बैठकमा कार्यपालिका सदस्यहरुबाट प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने।

ग. यस पालिका अन्तर्गत सञ्चालित श्री जन ज्ञान ज्योति मा.बि. कौशिलानगर, कोहलपुर १ को विद्यालय व्यवस्थापन समितिको निर्णय समेतको आधारमा नगर शिक्षा समितिको मिति २०८०/०३/१२ को निर्णयलाई अनुमोदन गरी उक्त विद्यालयमा शैक्षिक वर्ष २०८१ देखि कक्षा ९ मा प्राविधिक तथा व्यवसायिक शिक्षा धार सञ्चालनको लागी नगरपालिकाको प्रतिबद्धता सहित शिक्षा विकास तथा समन्वय इकाई एवं सम्बन्धित निकायमा सिफारिस गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

नगर कार्यपालिकाको
बैठक संख्या २६।२०७९-०८०
मिति २०८०।३।१२ को
निर्णय प्रमाणित

निर्णय नं. ६

क. यस नगरपालिकामा निजी वन दर्ताका लागी वन ऐन,२०७६ को परिच्छेद १० को दफा ३५(१) बमोजिम निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले आवश्यक प्रकृया पुरा गरी स्थानीय तहमा दर्ता हुनुपर्ने प्रावधान रहेको र वन नियमावली, २०७९ को परिच्छेद १० को नियम ८१ बमोजिम दर्ता गर्ने ।

ख. वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८०/०३/०७ को निर्णय बमोजिम यस नगरपालिका र NDR Net सँगको साझेदारी सम्पन्न "विपद जोखिम न्यूनीकरण अभ्यास (सिमुलेसन) कार्यक्रम" अनुमोदन गर्ने ।

निर्णय नं. ७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूझाव कार्यान्वयन सम्बन्धी मिति २०८०/०३/१० को पत्रबाट स्थानीय तहहरुले सडक निर्माण गर्नका लागि बजेट बिनियोजन गर्न पूर्व सडक बनाउने जग्गाको स्वामित्व सरकारको नाममा भए/ नभएको एकिन गर्ने/गराउने तथा जग्गाको स्वामित्व सरकारको नाममा आएपछि मात्र बजेट विनियोजन गर्ने/ गराउने विषय लगायत विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा मापदण्ड अनुसार गर्ने भनी लेखी आएकोमा यस नगरपालिका क्षेत्रभित्र रहेका चलनचल्तीका बाटोहरुलाई सरकारी बाटो कायम गर्न सम्बन्धित निकायहरुमा पत्राचार एवं पहल गर्दै विकास निर्माणका कार्य गर्ने ।

निर्णय नं. ८

क. जिल्ला प्रशासन कार्यालय, बाँकेको मिति २०८०/०३/०७ को सहयोग माग पत्र प्राप्त भएकोमा उक्त कार्यालयको सरकारी गाडी भे.१झ. २३५ मर्मत गरे वापत आ.ब. ०७९/०८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ७०, विभिन्न (सरकांरी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकोर्य शीर्षकबाट रु.९७,४६२।५० उपलब्ध गराउने।

ख. यस नगरपालिकाको भे.१च. १५२५ नं. को पिकअप भ्यान ईलाका प्रहरी कार्यालय, कोहलपुरलाई मिति २०७७/११/१८ गते हस्तान्तरण गरिएकोमा उक्त पिकअप भ्यानको नामसारी, ब्लु बुक नविकरण र बिमा वापतको रकम मध्ये आ.ब. ०७९/०८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ७०, विभिन्न (सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.८७,३०८।– उपलब्ध गराउने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २६ | २०७९-०८०
मिति २०८०।३।१४ ........ को
निर्णय प्रमाणित

निर्णय नं. ९

कोहलपुर नगरपालिका वडा नं. १ निवासी सुर दमाईको छोरा माया लाल परियारको बैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा काम गर्ने क्रममा मृत्यू भएको र नीजको घरको आर्थिक अवस्था एकदमै कमजोर रहेकाले शव व्यवस्थापनका लागी शववाहनको ब्यवस्था गरिदिन वडा नं १ बाट अनुरोध भई आएको हुँदा शव बहान भाडा वापत रु.१०,०००।– आर्थिक सहायता उपलब्ध गराउने ।

निर्णय नं. १०

क. कोहलपुर नगरपालिका राष्ट्रिय भूमी आयोगको काममा नापी कार्यालय, बाँके बाट खटिएका देहायका कर्मचारीहरुलाई २०७९/०९/२८ गतेदेखि २०८० जेठ मसान्त सम्ममा अतिरिक्त समयमा खटिएको भनी भूमि सम्बन्धी अधिकार सम्पन्न समितिको सिफारिस भई आएको अवधिको दैनिक रु.१,०००।– का दरले दैनिक प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

१. सहदेव सुवेदी – प्रमुख नापी अधिकृत
२. जनकराज जोशी – सर्भेक्षक
३. सूर्य प्रसाद ढकाल – सर्भेक्षक
४. रबिन्द्र बहादुर मल्ल – सर्भेक्षक
५. रेशम लम्साल – सर्भेक्षक
६. धन बहादुर क्षेत्री – ह.स.चा. (दैनिक रु.५००)

ख. भूमी आयोग जिल्ला समिति बाँकेको बा.२ झ. १२३६ नं. को गाडी मर्मत गरेकोले सो को बील भुक्तानी गरिदिन भूमी सम्बन्धी अधिकार सम्पन्न समितिको सिफारिस भई आएकोले नियमानुसार रु.१,४०,०००।– मा नबढने गरी भुक्तानी गर्ने ।

ग. कोहलपुर नगरपालिका वडा नं. १३ को वडा समितिको २०८०/०३/०९ को निर्णय अनुसार वडा नं. १३ को राष्ट्रिय भूमी आयोगसँग सम्बन्धित कार्यहरु गरे वापत भएको खर्च रु.२९,८५०।– नगरपालिकाको राष्ट्रिय भूमी आयोग अन्तर्गत बिनियोजित सि.नं. २ विविध खर्च शीर्षकबाट रकम भुक्तानी दिने ।

घ. भूमि आयोगको कामकाज सम्बन्धी भेटघाट एवं छलफलका लागी यस नगरपालिकाका जनप्रतिनिधी र नगरपालिका क्षेत्रका राजनैतीक दलका प्रतिनिधी समेत रहेको टोली काठमाडौं गई प्रधानमन्त्री, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री, वन मन्त्री लगायत सरोकारवाला निकायका पदाधिकारीसँग

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २६।२०७९-०८०
मिति २०८०।३।१४ को
निर्णय प्रमाणित

आवश्यक भेटघाट एवं छलफल गरी भूमी सम्बन्धी समस्या समाधानका लागी ज्ञापनपत्र बुझाई फर्किएकाले देहायको भ्रमण टोलीको भ्रमण खर्च भुक्तानी गर्ने ।

१. श्री नारायण प्रसाद गौडेल, प्रतिनिधी, नेपाली काग्रेस
२. श्री खिल प्रसाद भुषाल, प्रतिनिधी, नेकपा एमाले
३. श्री नरेन्द्र न्यौपाने, प्रतिनिधी, नेकपा माओबादी केन्द्र
४. श्री सुरेश चौधरी, प्रतिनिधी, नागरिक उन्मुक्ति पार्टी

निर्णय नं. ११

क. चालु आर्थिक वर्ष २०७९/०८० को लागि विनियोजिन बजेट, योजना तथा कार्यक्रममा कुनै योजना तथा कार्यक्रमहरुको स्रोत/रकम नपुग हुने भएकोले तपसिलका योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन रकमान्तर एवं स्रोतान्तर गरी हाल खर्च गर्ने र सो आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजना/ कार्यक्रम को नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| वडा नं. २ वडा समितिको निर्णयानुसारको | | | | |
| १ | मुक्ति प्रा.बि. भवन मर्मत संभार (कार्यपालिकाको मिति २०७९/०९/२८ मा संशोधन भएको सि.नं. ११६) | मुक्ति प्रा.बि. भवन मर्मत सम्भार र डेस्क बेञ्च खरिद | १,४५,०००।- | |
| वडा नं. ६ समितिको निर्णयानुसारको | | | | |
| २ | अपाङ्ग लक्षित कार्यक्रम (भैपरी आउने तथा लक्षित वर्ग कार्यक्रम संशोधन भएको सि.नं. १५६) | चौतारी नगर टोल बाटो मर्मत | २,००,०००।- | वडा समितिको मिति २०८०/०३/१० को निर्णयानुसार |
| वडा नं १० समितिको निर्णयानुसारको | | | | |
| ३ | विपद कोष(सडक मर्मत सम्भार कोष जगेडा कोष सि.नं. २०२) | - बोटेलाल थारुको घरदेखि डुडुवा नहरसम्म बाटो ग्राभेल<br>- विद्यानगर मेट्रोमार्टको पश्चिम दक्षिण हरी शाहीको घरसम्म माटो पटान तथा ग्राभेल | ५०,०००<br>५०,००० | वडा समितिको मिति २०८०/०३/११ को निर्णयानुसार<br>वडा समितिको मिति २०८०/०३/१४ को निर्णयानुसार |
| नगर कार्यपालिका कार्यालय तर्फको | | | | |
| ४ | विपद जोखिम व्यवस्थापन | दमकल तथा अग्नी | रु.३४,६०० | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७२

नगर कार्यपालिकाको
बैठक संख्या २६।२०७९-०८०
मिति २०८०।३।१५ को
निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | तथा जलबायू परिवर्तन अनुकुलन रणनीतिक योजना निर्माण र खोज तथा उद्दार, प्राथमिक, उपचार कार्यक्रम खर्च शीर्षक | नियन्त्रण सम्बन्धी दक्ष जनशक्ति तयार गर्नको लागी सवारी चालक तथा नगर प्रहरी कर्मचारीलाई ४(चार) दिने अनुशिक्षण र सेमुलेसन कार्यक्रम | | |
| ५ | विपद व्यवस्थापन कोष | ए.पि.एफ. स्कुलदेखि नगर विकासको सिमानासम्म नाली कटान तथा ह्युमपाईप जडान | रु.२५,२०० | |
| ६ | सभा सञ्चालन खर्च | अन्य सहायता | रु.१,००,००० | |
| ७ | सभा सञ्चालन खर्च | पानी तथा बिजुली | रु.१,५०,००० | |
| ८ | नगर प्रमुख छात्रबृत्ति | भिजन कम्पिटिसन खर्च | रु.५,००,००० | |
| | सिकलसेल ल्याब तर्फ | | | |
| ९ | सफ्टवेयर खरिद (खोप खरिद ब्रेकडाउन) | सामाग्री खरिद(कम्प्यूटर, प्रिन्टर, ए.सि.) | १,००,००० | |
| १० | मेशिनरी मर्मत खर्च (सिकलसेल ल्याब व्यवस्थापन तथा सञ्चालन खर्च ब्रेकडाउन) | सामाग्री खरिद(कम्प्यूटर, प्रिन्टर, ए.सि.) | १,३०,००० | |
| | शिक्षा शाखा | | | |
| ११ | सामुदायिक विद्यालयका छात्राहरुलाई निः शुल्क सेनेटरी प्याड व्यवस्थापन अनुदान | शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षकहरुको तलब भत्ता | ४१,०३,०९८ | ससर्त |
| १२ | कोभिड १९ बाट पुगेको क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागी कार्यक्रम | शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षकहरुको तलब भत्ता | ४,५०,००० | ससर्त |
| १३ | आधारभुत तहमा स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागी तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/ कर्मचारीहरु समेत) | तोकिएका विद्यार्थीको दिवा खाजाको लागि विद्यालयलाई अनुदान | २९,०३,९४० | ससर्त |

पुनश्चः उपरोक्त निर्णयहरु मिति २०८०/०३/२५ को २७ औं कार्यपालिका बैठकमा समेत समिक्षा भई अनुमोदन भए पश्चात वेवसाईटमा अपलोड गरिएको

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत